# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बरहथवा, सर्लाही
## मधेश प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३/०८४ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट

फोन नं. +९७७ (०४६) ५४०३१०
इमेल ठेगाना: barahathawamun@gmail.com
वेब साइट: barhathwamun.gov.np

# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बरहथवा, सर्लाही
## मधेश प्रदेश, नेपाल
## आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति

**वार्षिक नीति तथा कार्यक्रमका आधारहरु**

१. नेपालको संविधान, २०७२ को धारा ४ बमोजिम मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरु ।

२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धि एक सय कार्यसूचीहरु ।

३. नेपाल सरकारले प्रतिवद्धता गरेका विभिन्न प्रतिज्ञाहरु, दिगो विकासका लक्ष्यहरु ।

४. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरु ।

५. बरहथवा नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको चुनावी घोषणा पत्र ।

६. बरहथवा नगरपालिका, नगर कार्यपालिकाको बैठक तथा नगर सभाबाट जारी गरिएका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु

७. स्थानीय समाजसेवी, बुद्धिजीवि, शिक्षाप्रेमी, उद्योगी, ब्यापारी, नागरिक समाज, टोल विकास संस्थाका प्रतिनिधिहरु, मजदुर, किसान, लगायत संघ संस्थाहरुबाट संकलन गरिएका सुझावहरु ।

८. वडा स्तरीय गाउँ टोल, बस्ती-बस्तीहरुबाट संकलित योजना तथा कार्यक्रमहरु ।

९. विषयगत समिति तथा शाखाहरुबाट पेश भएका र संचालन हुने योजना तथा कार्यक्रमहरु ।

**वार्षिक नीति तथा कार्यक्रमका उद्देश्यहरु**

१. जनताको माँग र नगरपालिकाबाट प्रवाह हुने सेवामा एकरुपता ल्याउने ।

२. नीति, कार्यक्रम तथा बजेट वीचको सामञ्जस्यता कायम गरी नगर भित्रको सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, जवाफदेही, पारदर्शी र सेवाग्राही मैत्री बनाई सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने ।

३. स्थानीय सरकारबाट प्रदान गरिने स्वास्थ्य, शिक्षा, कृषि, रोजगार प्रवर्द्धन, पूर्वाधार विकास, वातावरण तथा विपद ब्यवस्थापन जस्ता विकासका अवसरहरुमा गरिब, सीमान्तकृत तथा बञ्चित वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्ने र विकासको लाभांशलाई समन्यायिक ढंगले वितरण गरी समतामुलक समाजको स्थापनामा परिलक्षित गर्ने,

## विषयगत क्षेत्र अनुसार प्राथमिकतामा परेका मुख्य नीतिहरु

- **आर्थिक विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा बजारको व्यवस्थापन नभएको जनगुनासो लाइ चिर्दै चामल तथा रेडिमेड बजारमा निर्माण कार्य सम्पन्न गराइएको व्यवसायीक भवन लाइ बरहथवा नगरपालिकाको स्थायी आम्दानीको स्रोतको रुपमा विकास गरिनेछ ।

२. हालको प्रचुन बजारमा ब्यापार गरिरहेका स-साना उद्यमी ब्यापारीहरुका लागि सोहि स्थानमा नयाँ भवन संरचना बनाई बजार ब्यवस्थापन गरिनेछ ।

३. आर्थिक वर्ष २०८३/०८४ लाई किसान वर्ष घोषणा गर्दै यस नगरपालिका क्षेत्र भित्रका सबै वडाका कृषकहरुलाई लक्षित गरी प्रत्येक खेत सम्म सिँचाइ सुविधा पुर्याउन कृषि विद्युतिकरण, डिप बोरिङ्ग, सौर्य उर्जा सिँचाइ प्रविधिको विकास तथा कृषि आधुनिकीकरण कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।

४. थोरै जमीन भएका कृषकहरुलाई विशेष अनुदानको व्यवस्था गरी व्यवसायिक तरकारी खेती तर्फ आकर्षित गरिनेछ ।

५. किसानहरुको कृषिजन्य उत्पादनलाई सुरक्षित गर्न कृषि बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. पशु विकास फर्म तथा व्यवसायलाई थप सेवा र टेवा पुर्याइनेछ । पशु स्वास्थ्य शिविर र पशु मेला कार्यक्रम लाई ब्यवस्थित गर्दै लगिनेछ ।

७. दुध, तरकारी, माछा, मासु आलु, मकै उत्पादन गर्ने किसानलाई सहुलियत ऋणको व्यवस्था मिलाई बरहथवालाई कृषि पर्यटकीय स्थलको रुपमा पहिचान दिलाउने कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

- ***"राजस्वमा बैज्ञानिक सुधार, समृद्ध बरहथवाको मूल आधार"* नारा सहित राजस्व सुधार सम्बन्धि नीतिहरु ।**

१. चालु आ.व.मा निर्माण कार्य सम्पन्न गराइएको चामल रेडिमेड तथा कान्छि बजारमा अवस्थित २५ कोठे सी ब्लकको ब्यवसायिक सटर भवनमा रेडिमेड कपडा खरिद बिक्रि केन्द्र रुपमा विकास गरी बरहथवा बजारको ब्यवस्थापन गरिनेछ ।

२. बरहथवा बजार ब्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन बजार क्षेत्रमा टेम्पु, मोटरसाइकल, साना सवारी साधनका लागि पार्किङ्ग स्थल निर्माण गरी आन्तरिक आयको स्रोतको रुपमा विकास गरिनेछ ।

३. बरहथवा नगरपालिका क्षेत्र भित्र ब्यवसायिक प्रयोजनका लागि निर्मित ब्यक्तिगत भवन/सटर/कोठाहरुमा संचालित ब्यवसायहरुको अभिलेख अद्यावधिक गरी घरधनी/ब्यवसायीहरु संग घरबहाल कर संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ ।

४. नगरपालिकाको स्वामित्वमा रहेको बजार क्षेत्रका सटर तथा भवनहरुको बाँकी बक्यौता घर भाडा कडाइका साथ संकलन गरिने कार्यको निरन्तरता दिइनेछ ।

५. बरहथवा नगरपालिका अन्तर्गतको वडा नं. ६ मा रहेको बि ब्लकको सटरहरुमा सम्झौता नगरी व्यवसाय गरिरहेका व्यवसायीहरु संग नगर कार्यपालिकाको निर्णय अनुसार बाँकी बक्यौता असुलउपर गरी व्यवस्थित गरिनेछ ।

६. चालु आ.व.मा प्रारम्भ गरिएको बहाल विटौरीका जग्गाहरुको नयाँ नाप जाँच सहित अद्यावधिक गरी विद्युतिय प्रणाली मार्फत कर संकलन गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ लागु गरिनुको साथै अवैध संरचनाहरु लाइ भत्काइ खालि गराइनेछ ।

७. राजस्वका थप संभावित क्षेत्रहरु पहिचान गरी दायरा विस्तार गरिनेछ ।

८. नगर क्षेत्र भित्रका सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी करदाता सम्मान कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।

९. महालेखा परीक्षकहरुबाट सम्पन्न भएको लेखा परीक्षण प्रतिवेदनको आधारमा असुल उपर गर्नुपर्ने बेरुजु रकम कडाइका साथ असुल उपर गरिनेछ ।

१०. बरहथवा नगरपालिका भित्र व्यवसाय गरि रहेका व्यवसायीहरुलाई लाई कर, राजस्व, व्यवसाय दर्ता तथा मास्केवारी प्रविष्टीकरण सम्बन्धि अभिमूखिकरण तालिम दिई व्यवसाय दर्ता प्रक्रियामा ल्याइनेछ ।

## सामाजिक विकास तर्फका नीतिहरु

- ***"आधारभूत स्वास्थ्य नगरबासीको मौलिक अधिकार, विशेषज्ञ सेवा सहितको उपचार"* मूल नारा सहित स्वास्थ्य सम्बन्धि नीतिहरु लाई निम्न अनुसार लागु गरिनेछ ।**

१. नगर अस्पताल बरहथवामा विशेषज्ञ चिकित्सक सहितको उपचार सेवा प्रारम्भ गरी सुविधा सम्पन्न शल्यक्रिया (सीएस), भिडियो एक्सरे, ल्याव, संचालन सफलता पूर्वक संचालन गरिएकोमा ब्लडबैंक, आइ.सी.यु. सहितको अत्याधुनिक सुविधा सम्पन्न प्रसुतीगृह विशेष प्राथमिकताका साथ संचालनमा ल्याइनेछ ।

२. बरहथवा नगर अस्पतालबाट बरहथवा नगरपालिका लगायत आसपासका क्षेत्रका नागरिकहरूलाई आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेकाले अस्पतालमा बिरामीको चाप निरन्तर बढ्दै गइरहेको तथा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्न आवश्यक रहेकोले बरहथवा नगर अस्पतालको पूर्वाधार, उपकरण तथा जनशक्ति व्यवस्थापनमा थप सहयोग गरिनेछ ।

३. बरहथवा नगर अस्पतालबाट चालु आ.व.मा जनरल शल्यक्रिया सेवा, बाल रोग विशेषज्ञबाट उपचार सेवा, जनरल फिजिसियन सेवा, हाडजोर्नी तथा नसा रोग विशेषज्ञ सेवा, दन्त चिकित्सा सेवा, फिजियोथेरापी जस्ता उपचार सेवाहरु विस्तार गर्न पहल गरिनेछ ।

४. स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप जिम्मेवारी र थप प्रोत्साहन कार्यक्रम संचालनमा ल्याइनेछ ।

५. बरहथवा नगर अस्पतालमा एक द्वार प्रणालीबाट खर्च गर्ने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

६. स्वास्थ्य क्षेत्रको खर्च मितव्ययिताका लागि बरहथवा नगरपालिका अन्तर्गतका वडा स्तरीय स्वास्थ्य सेवा केन्द्रहरुमा रहेका दरबन्दिका कर्मचारीहरुलाई नगर अस्पतालमा केन्द्रित गरी सेवा प्रवाह चुस्तदुरुस्त गरिनेछ ।

७. बरहथवा नगर अस्पतालमा संचालनमा ल्याइएको फार्मेसी लाइ बिमा संग जोड्ने कार्य अगाडि बढाइनेछ ।

८. बरहथवा नगरपालिका अन्तर्गत वडा नं. ३ र १२ मा रहेकाको आयुर्वेद आरोग्य सेवा केन्द्रको स्तरोन्नती गरिनेछ ।

९. बरहथवा नगरपालिका अन्तर्गतका प्रत्येक नगरबासीहरुलाई स्वास्थ्य विमा कार्यक्रममा सहभागि हुन प्रोत्साहित गरिनेछ ।

१०. यस बरहथवा नगरपालिका अन्तर्गत संचालित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी ढंगबाट संचालन गरिनेछ ।

## ➢ *"शिक्षामा सुधार, प्रगतिको आधार"* मूल नाराका साथ शिक्षा युवा तथा खेलकुद विकास सम्बन्धि नीतिहरु

१. नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सहकार्यमा संचालन गरिने बरहथवा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा अभिवृद्धि कार्यक्रम अन्तर्गत सूचकको आधारमा दशवटा विद्यालय छनौट गरी नवप्रवर्तनात्मक योजना लागु गरिनेछ । यस कार्यका लागि रु. १ करोड ५ लाख स्वीकृत गरिएको छ ।

२. बरहथवा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक छनौट सम्बन्धि कार्यविधि स्वीकृत गरी कार्यविधिका आधारमा पाँच वर्षका लागि प्रधानाध्यापकहरु संग करार सम्झौता गरी गुणस्तरीय शिक्षा अभिवृद्धि गर्ने अभियान सक्रियताका साथ लागु गरिनेछ ।

३. सँस्थागत (नीजि) विद्यालयहरुमा गरिब तथा सीमान्तकृत समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ती अनुदानमा नि:शुल्क पठन पाठनको ब्यवस्था मिलाउन कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएकोमा यस कार्यलाई थप प्रभावकारी बनाइ लक्षित वर्ग सम्म पुर्याउन सूचक तयार पारी कार्यान्वय गरिनेछ ।

४. शिक्षकहरुका लागि विद्युतीय हाजिरी (ई-एटेन्डेन्स) संचालन गरिएकोमा (ई-एटेन्डेन्स) को प्रतिवेदनको आधारमा विद्यालय तहका शिक्षकहरुको मासिक पारिश्रमिक उपलब्ध गराउने कार्य अगाडि बढाइनेछ ।

५. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दि कायम गरी विद्यालयको आवश्यकता अनुसार स्वयमसेवक शिक्षक परिचालन गर्ने कार्यको निरन्तरता दिइनेछ ।

६. सामुदायिक विद्यालयमा संचालित दिवा खाजा कार्यक्रमलाई पारदर्शि, गुणस्तरीय र प्रभावकारी रुपमा संचालनका लागि स्थलगत अनुगमन तथा मूल्यांकन गर्ने परिपाटिको विकास गरिनेछ ।

७. गुणस्तरीय समावेशी प्रारम्भिक वालविकास तथा शिक्षाका लागि साझेदारी परियोजना संगको सहकार्यमा वालविकास केन्द्रहरुको संचालन तथा ब्यवस्थापन गर्ने अभियानलाई निरन्तरता दिई मन्टेश्वरी शिक्षा प्रणाली लागु गरिनेछ । साथै नगर भित्रका विद्यालयहरुका उत्कृष्ट प्र.अ., शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई सूचकको आधारमा छनौट गरी सम्मान गरिनेछ ।

८. नगर प्रमुखसँग प्रत्यक्ष संवाद हुने गरी **मेयर सँग वालवालिका** कार्यक्रम संचालन गरिनेछ। साथै लागु औषध नियन्त्रणका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीसंग सहकार्य गरी विद्यालय स्तरमा सचेतना मूलक कक्षा संचालन गरिनेछ।
९. युवा तथा खेलकुद सम्बन्धी नगरस्तरीय संजाल लाई सक्रिय गराइ प्रतिभाको पहिचान सहित स्थानीय स्तरमा राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्ने कार्यको निरन्तरता दिइनेछ।

➢ ***"स्थानीय स्तरमै रोजगारीको अभिवृद्धि, बरहथवा नगर बासीको समृद्धि"* मूल नाराका साथ रोजगारी अभिवृद्धि तर्फका नीतिहरु**

१. स्थानीय स्तरमा युवाहरुलाई स्वरोजगारीका लागि आवश्यकताका आधारमा सीप, पुँजी र प्रविधि सँग जोड्ने नगर स्तरीय स्टार्ट अप कर्जा कार्यक्रम संचालन गरी रोजगारी अभिवृद्धि गरिनेछ।
२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रभावकारी रुपमा संचालन गरी गरिब तथा सीमान्तकृत समुदायलाई उद्यमी बनाउने र नयाँ उद्यमीहरुलाई बजार क्षेत्रमा व्यवसाय गर्न उपयुक्त स्थान उपलब्ध गराउने नीतिको प्रभावकारी कार्यान्वय गरिनेछ।
३. वास्तविक बेरोजगारहरुको तथ्यांक अद्यावाधिक गरी राष्ट्रिय रोजगार कार्यक्रम लाई थप प्रभावकारी बनाइनेछ।
४. बैदेशिक रोजगारमा जाने युवाहरु अदक्ष भइ कामदारको रुपमा जाँदा न्यून पारिश्रमिकमा काम गर्नुपर्ने बाध्यताको अन्त्य गर्न सीपमूलक तालीम कार्यक्रमहरु विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन गरि दक्ष कामदार उत्पादन गरिनेछ।
५. वैदेशिक रोजगारमा हुन सक्ने सम्भावित ठगि तथा समस्याहरुको न्यूनीकरण गर्न सहि सुचना प्रदान गर्न आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) को व्यवस्थापन तथा सञ्चालन गरिनेछ।
६. वैदेशिक रोजगारबाट प्राप्त सीप, पूँजी, ज्ञान तथा प्रविधिको उपयोग गरी उत्पादनमूलक क्षेत्रमा लगानी गराउन र रोजगारी सृजना गर्न प्रोत्साहन तथा सहकार्य गर्ने नीति लिइनेछ।

➢ ***"लैंङ्गीक तथा समाजिक समावेशिकरणको आवश्यकता, बरहथवा नगरपालिकाको प्राथमिकता"* सहित महिला, बालबालिका तथा जेष्ठ नागरिक लगायत अन्य लक्षित वर्गहरु सम्बन्धित नीतिहरु**

१. बरहथवा नगरपालिकाको स्वीकृत लैंङ्गीक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा ल्याइनेछ।
२. नगर क्षेत्र भित्र बालिका तथा समावेशी शिक्षा संजाल परिचालन तथा अनुशिक्षण सम्बन्धि कार्यक्रमहरुको निरन्तरता दिइनेछ।
३. लैंगिकतामा आधारित हिंसा नियन्त्रण तथा न्याय सेवामा बन्चितवर्गको पहुँच सुनिश्चित गर्ने कार्यक्रमहरु संचालनमा जोड दिइनेछ।
४. विद्यालय बाहिर रहेका किशोरीहरुलाई जीवन उपयोगी शिक्षा, उद्यमशिलता विकास तथा सीप मूलक तालिम कार्यक्रम संचालन गरिनेछ।

५. बालबालिका माथि हुने शारीरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार विरुद्ध कार्यक्रम संचालन गरिनेछ ।
६. वालविवाह, लैंङ्गीक हिंसा, दाईजो प्रथा जस्ता कुरितीहरु विरुद्ध सचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
७. असक्त जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता घरदैलोमा नै पुऱ्याउने व्यवस्था गरिनेछ र निःशुल्क स्वास्थ्य परीक्षण सम्बन्धि सिविर संचालनको व्यवस्था मिलाइनेछ ।
८. महिला वालवालिकाका तथा जेष्ठ नागरिकहरुको सवालमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सँस्थाहरुलाई नगरले उच्च प्राथमिकतामा राख्नेछ ।

- ***"दिगो पूर्वाधारको निर्माण, बरहथवा विकासका लागि बरदान"*** **मूल नारा सहित भवन, आवास र पूर्वाधर विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका अन्तर्गतका वडा नं. १ देखि १८ सम्मका सबै वडाहरुमा पर्ने गरी सडक कालोपत्रे गर्ने योजनालाई यस वर्ष नगर गौरवको आयोजनाको रुपमा कार्यान्वयन गर्दै निर्माण कार्य सम्पन्न गराइनेछ ।
२. जेन जी आन्दोलनको क्रममा मिति २०८२ साल भाद्र २४ गतेका दिन बरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा भएको आगजनीबाट क्षती भएको भौतिक संरचनाको मर्मत सम्भार तथा नयाँ प्रशासकीय भवन निर्माणका लागि चालु आ.व. नगर विकास कोष संग भएको सम्झौता बमोजिम निर्माण कार्य अगाडि बढाइनेछ ।
३. नेपाल सरकार, राष्ट्रिय योजना आयोग र बरहथवा नगरपालिकाको लागत साझेदारीमा समपुरक अनुदान अन्तर्गत स्वीकृत भएको हजरिया खेल मैदान देखि मुन्ना चोक हुँदै वागमती नदी पुल सम्मको सडक निर्माण कार्यको निरन्तरता दिदै निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गराइनेछ ।
४. बजार व्यवस्थापन सम्बन्धि कार्यलाइ उच्च प्राथमिकताका साथ लागु गरिनेछ ।
५. बरहथवा बजार तथा ग्रामीण आवास क्षेत्रमा रहेका नालाहरुको निकास नभई पानी जम्ने समस्याको दीर्घकालिन समाधानका लागि पुराना नालाहरुको स्तरोन्नती तथा नयाँ नाला, निर्माण कार्य गरिनेछ ।
६. हालको गोरु, भैँसी, पाडा जस्ता पशु बजारको बैकल्पिक स्थानमा व्यवस्थापन गरी हालको गोरुबजारमा  ग्रीन पार्क सहित दुर्गा मन्दिर निर्माण कार्य उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
७. बरहथवा नगरपालिका वडा नं. ५, सोती पुल देखि ओशो ध्यान केन्द्र, शान्तिवाटिका क्षेत्र हुँदै नयाँ बस पार्क सम्म पदमार्ग, ग्रीन पार्क सहितको सोती कोरिडोर निर्माण गर्न स्वीकृत विस्तृत परियोजना (**DPR**) बमोजिम निर्माण कार्य प्रारम्भ भएकोमा सो लाई निरन्तरता दिइनेछ ।
८. नगर क्षेत्र भित्र रहेका अतिविपन्न, सिमान्तकृत र भुमिहिन परिवारलाई सुरक्षित बसोवासको लागि उपयुक्त स्थानमा नमुना बस्ती निर्माण गरी आवासको प्रबन्ध मिलाईने छ ।
९. भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्नुको साथै ऐलानी, पर्ती, सार्वजनिक जग्गा व्यवस्थापन गर्ने कार्य विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

- ***"पर्यटन क्षेत्र र पूर्वाधार, समृद्ध बरहथवा मूल आधार"* मूलनाराका साथ पर्यटन प्रवर्द्धन सम्बन्धि नीतिहरु**

१. चालु आ.व.मा लिएको नीति अनुसार निर्माण कार्य प्रारम्भ भएको बरहथवा नगरपालिका वडा न. ९ को **"मुक्तेश्वर बाबा धाम "** पर्यटकीय क्षेत्रको डि.पी.आर.अनुसार निर्माण कार्य लाई निरन्तरता दिइनेछ ।

२. हिरापुर ब्यारेजमा व्यवस्थित माछा ताल, बोटिङ्ग, फिसिङ्ग सहितको पर्यटकीय स्थल निर्माणका लागि विस्तृत परियोजना प्रस्ताव तयार पारी सम्बन्धित सरोकारवाला मन्त्रालय संग समन्वय गरिनेछ ।

३. बरहथवा नगरपालिका अन्तर्गत वडा नं. १० मा रहेको गुलरिया मनको जग्गा संरक्षण तथा ताल सहितको पर्यटकीय स्थल निर्माणका लागि प्रारम्भीक चरणको कार्य अगाडि बढाइएकोमा सो कार्यको विस्तृत अध्ययन प्रतिवेदन **DPR** अनुसार निर्माण कार्य निरन्तर अगाडी बढाइनेछ ।

४. सोती, मनुष्मारा, एकादशी, बुढिबाग्मती, ढावी, झिङ्ग्याही लगायतका स्थानीय नदीहरुको पानीका मूहान सुक्नबाट रोक्ने तथा प्राकृतिक सौन्दर्यता सहित पर्यटकीय स्थल निर्माण सम्बन्धि विस्तृत अध्ययन प्रतिवेदन तयार पारी निर्माण कार्य क्रमश: अगाडी बढाइनेछ ।

- ***"शुद्ध खानेपानी, स्वस्थ जिन्दगानी"* मूल नारा सहित खानेपानी र सरसफाई सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका अन्तर्गत वडा नं. ५ मा अवस्थित ४,५०,००० लिटर क्षमता भएको खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतका जिर्ण पूर्वाधारको जिर्णोधार गर्ने कार्य सहित नयाँ पाइपलाइन कार्य सम्पन्न गराइएकोमा युनिसेफको सहकार्यमा खानेपानीको व्यवसायिक योजना अनुसार निरन्तरता दिइ घर घरमा शुद्ध खानेपानी पुर्याउने कार्यक्रमको निरन्तरता दिइनेछ ।

२. बरहथवा नगरपालिका र युनिसेफ नेपालको साझेदारीमा तयार भएको WASH Plan को आधारमा सुरक्षित खानेपानी, सरसफाइ, स्वच्छता व्यवहार प्रवर्द्धन, पानीजन्य रोग न्यूनीकरण तथा सुरक्षित खानेपानीयुक्त समुदाय निर्माण गर्ने कार्यको निरन्तरता दिइनेछ ।

३. चालु आ.व.को नीति अनुसार युनिसेफ सँगको सहकार्यमा वासप्लान तयार पारी शुद्ध खानेपानी तथा स्वच्छता अभियान कार्यक्रम संचालन गरिएकोमा उक्त कार्यलाई उच्च प्राथमिकताका साथ लागु गरिनेछ ।

४. हजारियामा रहेको खानेपानी आयोजनाको आवश्यक पूर्वाधार निर्माण गरी संचालन कार्यलाई प्राथमिकताका साथ अगाढि बढाइनेछ ।

५. बरहथवा न.पा. वडा नं. ९ पैंतालिस विगाहाका बासिन्दाहरुका लागि शुद्ध खानेपानीको व्यवस्था गर्ने कार्य उच्च प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

६. बरहथवा न.पा. वडा नं. ५ को खानेपानी आयोजना अन्तर्गत खानेपानी बोटलिङ्ग उद्योग निर्माण कार्य सम्पन्न गराइएकोमा सो उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि स्वीकृत गरी सहुलियत दरमा शुद्ध पानी नागरिकलाई उपलब्ध गराउने र नगरपालिकाको दिगो आय सुनिश्चित गर्ने नीति कार्यान्वयमा ल्याइनेछ ।

७. नगरक्षेत्र सरसफाई सम्बन्धी गुरुयोजना बनाई दीर्घकालीन फोहरमैला व्यवस्थापन सम्बन्धी रणनीतिक योजना कार्यान्वयनमा लाइनेछ ।

८. वैज्ञानिक मापदण्ड अनुसारको फोहर व्यवस्थापन केन्द्र निर्माण गरि फोहरबाट मोहर बनाउने अत्याधुनिक योजना तथा कार्यक्रम कार्यान्वयमा ल्याइनेछ ।

९. घरबाट निस्कने फोहरलाई घरघरमै स्तरीकरण गरी शुल्कमा आधारित फोहर संकलन तथा सरसफाई सम्बन्धि कार्यक्रम कार्यान्वयनको निरन्तरता दिइनेछ ।

➢ **उर्जा विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका अन्तर्गतका सबै टोल बस्ती सम्म घरबत्ती विद्युत सेवा पुर्याउन आधारभूत सर्वेक्षण गराई नगर क्षेत्र भित्रका सबै बस्ति सम्म विद्युतिकरण गर्ने कार्य सम्पन्न गराइनेछ ।

२. गाउँ घरमा खाना पकाउनको लागि प्रयोग हुने गुँईठाको प्रतिस्थापन गरि विद्युतिय चुल्हो, सुधारिएको चुल्हो र बायोग्याँस जस्ता जैविक उर्जामा आधारित प्रविधिको प्रयोगलाई विस्तार गरिने छ ।

३. चालु आ.व.मा बरहथवा न.पा. वडा नं. ९ को हजार विगहा देखि वडा नं. ५ को नगर कार्यपालिकाको कार्यालय भवन सम्म गरिएको नमूना सडक बत्ती जडान कार्यलाई निरन्तरता दिदै नगरपालिका अन्तर्गतका मूल सडक तथा बजार चोकहरुमा अत्याधुनिक सडक बत्ति जडान गर्ने कार्यलाइ अगाडि बढाइने दिइनेछ ।

४. सौर्य उर्जा प्रविधिबाट सिँचाइ गर्ने किसानलाई अनुदानका लागि पहल गरिनेछ ।

➢ **वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीतिहरु**

१. नगर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न, खाली, पर्ती जग्गा, नदी उकास क्षेत्र, सार्वजनिक जग्गाहरु र सडकको दायाँ बायाँ ठाउँ अनुसार उपयुक्त काठ, जडिबुटि र फलफुलका विरुवाहरु रोपण गरी शहरी सौन्दर्यता र आय आर्जन बढाउन हरित क्षेत्र विकास कार्यक्रमको निरन्तरता दिइनेछ ।
२. एक घर पाँच विरुवा वृक्षारोपण अभियान चालु आ.व. देखि प्रारम्भ गरिनेछ ।
३. नीजि बन व्यवस्थापन गर्न चाहने किसानलाइ पचास प्रतिशत अनुदानमा विरुवा उपलब्ध गराउँने नीति कार्यान्वयनमा ल्याइने छ ।
४. बरहथवा नगरपालिका अन्तर्गत हुने आगलागी, बाढि पहिरो, ढुवान, शितलहर, तातोहावाको लहर, हावाहुरी, चट्याङ, जस्ता बहु प्रकोपको प्रभावितहरुलाई राहत उपलब्ध गराउन विपद् कोष स्थापना गरी संचालन गरिनेछ ।
५. विपद् ब्यवस्थापन सम्बन्धि कार्यलाई सरल र सहज रुपमा संबोधन गर्न स्थानीय आपतकालिन कार्य संचालन केन्द्र कार्यान्वयनमा ल्याइएकोमा यो कार्यलाइ थप प्रभावकारी रुपमा ब्यवस्थापन गरिनेछ ।
६. विपद् जोखिमको सम्भावित क्षेत्रहरुको अध्ययन, विश्लेषण तथा कार्ययोजना बनाई विपद् जोखिम नियन्त्रण गर्ने यु.के. सरकार संगको साझेदारीमा (रेन परियोजना) कार्यक्रम संचालन गरिएकोमा सो कार्यको निरन्तरता दिइनेछ ।
७. नगरको फोहोर मैलाको व्यवस्थापनमा निजी क्षेत्र समेतलाई परिचालन गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप शुल्कमा आधारित फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

- **सुशासन, सार्वजनिक सेवा प्रवाह र संस्थागत विकास सम्बन्धि नीतिहरु**

१. वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई सो को आधारमा चौमासिक विस्तृत कार्ययोजना तयार पारि योजनाहरु कार्यान्वयमा ल्याइनेछ ।

२. नगर र वडाको कार्यसम्पादनलाई केन्द्रित गरी चौमासिक समिक्षा गरि वेवसाइटबाट स्वतः प्रकाशन प्रतिवेदन चौमासिक रुपमा तयार पारि सार्वजनिक गरिनेछ ।

३. स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकनका सूचकहरुको आधारमा कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास योजना तयार पारि कार्यान्वयनमा ल्याइनेछ ।

४. विगतका पेश्की बेरुजु फछ्र्यौट सम्बन्धी कार्ययोजना बनाई कडाइका साथ लागु गरिनेछ ।

५. नतिजामा आधारित कार्यसम्पादन प्रणालीको अबलम्बन गरी नगर प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तहरुलाई कार्यसम्पादन मुल्यांकनको आधार बनाईने छ । साथै कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ ।

६. बरहथवा नगरबासीहरुको गुनासोहरुको समयमा सम्बोधन गर्नका लागि अनलाईन गुनासो सुनुवाई पोर्टल संचालन गरी प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

७. नगर प्रमुखसंग प्रत्यक्ष संवाद हुने गरी **जनतासँग मेयर** कार्यक्रम संचालन गरिनेछ ।

८. बरहथवा नगरपालिका अन्तर्गतको सरकारी कार्यालयहरुको अनुगमन गरी जनताको सेवा सुविधाहरुलाई प्रभावकारी बनाइनेछ ।

# आर्थिक वर्ष २०८३/०८४ को बजेट सारांश

| आय अनुमान तर्फ | | व्यय अनुमान तर्फ | |
|---|---|---|---|
| **संघ** | **रकम** | **शीर्षक** | **रकम** |
| समानिकरण अनुदान | १७ करोड १४ लाख | प्रशासनिक खर्च | १३ करोड |
| सशर्त अनुदान | ३२ करोड ७७ लाख | आर्थिक, सामाजिक पूर्वाधार विकाश, बन, वातावारण तथा विपद्‌व्यवास्थापन, सुशासन तथा संस्थागत विकाश सम्बन्धि योजना कार्यक्रम खर्च | ९ करोड |
| विशेष अनुदान | १ करोड ५ लाख | समपुरक कालोपत्रे योजना | १ करोड ७५ लाख |
| समपुरक अनुदान | १ करोड ७५ लाख | वडागत स्तरीय आयोजना | ८ करोड ७६ लाख |
| राजश्व बाँडफाँड अनुदान | १४ करोड ६३ लाख ७९ हजार | कालोपत्रे बहुवर्षिय योजना | १० करोड |
| **संघबाट कुल जम्मा आय** | **६७ करोड ३४ लाख ७९ हजार** | समपुरक कार्यक्रम खर्च | १ करोड |
| | | नगर स्तरीय पूर्वाधार विकाश कार्य | ३ करोड ८४ लाख |
| **प्रदेश** | | संघीय सशर्त अनुदान कार्यक्रम खर्च | ३२ करोड ७७ लाख |
| मधेश प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान | १ करोड १८ लाख ४३ हजार | | |
| मधेश प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ६० लाख | भुक्तानी दायित्व | ८ करोड ३७ लाख ७९ हजार |
| मधेश प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान | ३० लाख | नगर विकास कोषको साझेदारीमा प्रशासकीय भवन पुनर्निर्माण | १ करोड २५ लाख |
| मधेश प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान | ३० लाख | वितीय व्यवस्था व्यय अनुमान | १६ लाख |
| मधेश प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड अनुदान | १ करोड ५० लाख | | |
| **जम्मा** | **प्रदेश सरकार बाट जम्मा आय अनुमान ३ करोड, ८८ लाख ४३ हजार** | | |
| आन्तरिक आय अनुमान | १० करोड | | |
| मालपोत बाट प्राप्त हुने आय | ५ करोड | | |
| नगर विकास कोषबाट प्राप्त हुने ऋण अनुमान | १ करोड २५ लाख | | |
| दहत्तर बहत्तरबाट प्राप्तहुने आय अनुमान | २ करोड ४२ लाख ५७ हजार | | |
| **कुल जम्मा आय अनुमान** | **८९ करोड ९० लाख ७९ हजार** | **जम्मा व्यय अनुमान** | **८९ करोड ९० लाख ७९ हजार** |